म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ९९ २०८० फागुन १५ गते मंगलबार 27 February 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-




### २३ करोड ७७ लाख लागतमा जिल्ला अदालतको भवन तयार

## चाँडो न्याय सम्पादनले न्यायपालिकाप्रति विश्वास बढ्छः प्रधान न्यायाधीश श्रेष्ठ




*जिल्ला अदालत मकवानपुरको भवन उद्घाटन गर्नुहुँदै प्रधान न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठ ।*

समाज संवाददाता

हेटौँडाः प्रधान न्यायाधीश विश्वम्भर प्रसाद श्रेष्ठले चाँडो न्याय सम्पादन र छिटो सेवा प्रवाहले नागरिकमा न्यायपालिकाप्रति विश्वास बढ्ने बताउनुभएको छ । सोमबार मकवानपुर जिल्ला अदालतको नवनिर्मित भवनलाई उद्घाटन गर्नुहुँदै उहाँले नागरिकमा न्यायपालिकाप्रतिको अपेक्षा भनेको स्वच्छ, निष्पक्ष, छिटो एवम् गुणस्तरीय न्याय सम्पादन नै भएको बताउनुभयो ।

उहाँले भौतिक पूर्वाधारको विकास भएसँगै अब गुणस्तरीय सेवा प्रवाह हुनेमा आफु विश्वस्त रहेको बताउनुभयो । उहाँले समग्र कार्यसम्पादनलाई प्रभावकारी बनाउन सबै लाग्नुपर्ने बताउनुभयो । उहाँले न्यायालयलाई आम नागरिकको भरोसाको केन्द्र बनाउन सबै लाग्नुपर्ने बताउनुभयो । अहिले अदातलमा पेशी तोक्ने सम्बन्धमा रहेका गुनासो घट्दै गइरहेको उल्लेख गर्नुहुँदै प्रधान न्यायाधीश श्रेष्ठले भौगोलिक कारणले अदालतमा उपस्थित हुँदा लाग्ने खर्च र समय बचत गर्न अनलाइन बहस गर्ने पद्दतिलाई विस्तार गरेको बताउनुभयो । अनलाइन बहस गर्ने पद्दतीलाई थप विस्तार गर्न हेटौँडा इजलास, जुम्ला इजलास, धुनकुट इजलास र महेन्द्रनगर इजलास गरी चार स्थानमा भिडियोमार्फत कन्फ्रेन्समार्फत बहस पैरवी गर्ने व्यवस्था गरिएको उहाँले बताउनुभयो । अहिलेको समयमा प्रविधिको प्रयोग सबैले गर्नुपर्ने र घरघरबाट पनि बहस गर्न सकिने अवस्थाको सेवालाई सबैले लिन पनि उहाँले आग्रह गर्नुभयो । अहिले मुद्दा पेशीमा अटोमेसिन लागु गरेको र त्यसले अरुको हस्तक्षेप कम हुने उहाँको भनाई छ ।

भवन २३ करोड ७७ लाख रुपैयाँमा निर्माण सम्पन्न भएको हो । २०७७ माघ २१ गते भवन निर्माण सम्झौता भएको थियो । भवन गत साउनमै निर्माण सम्पन्न भएको थियो । नवनिर्मित भवनबाट माघ २८ गतेदेखि नै सेवा सुरु भएको थियो । ७१ कोठे भवनमा २ वटा लिफ्ट, ४८ वटा सिसि क्यामेरा, २४ थान एसी र २० वटा शौचालय रहेकोमा ५ वटा अपाङ्गमैत्री शौचालय रहेको छ ।

उच्च अदालत पाटन इजलासका मुख्य न्यायाधीश नृपध्वज निरौलाको सभाध्यक्षतामा भएको भवन उद्घाटन कार्यक्रममा बागमती प्रदेश सरकारका आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठ, जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख ललित बहादुर घलान, हेटौँडा उपमहानगरपालिकाकी प्रमुख मिना कुमारी लामा र जिल्ला अदालत मकवानपुरका मुख्य न्यायाधीश श्रीप्रसाद सञ्जेल लगायतको आतिथ्य रहेको थियो ।

## बागमती र बकैयामा आज सार्वजनिक विदा

समाज संवाददाता

हेटौँडाः मकवानपुरको बागमती र बकैया गाउँपालिकाले माझी समुदायको मुख्य पर्व लदी पुजा र राष्ट्रिय मगर दिवसको अवसरमा आज मंगलबार सार्वजनिक विदा दिएको छ । आइतबार एक सूचना जारी गर्नुहुँदै बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले पालिकाले लदी पर्व र मगर दिवसको अवसरमा मंगलबार विदा दिएको जानकारी गराउनुभयो ।

मंगलबार पालिकाभरका सम्पूर्ण शैक्षिक संस्था, सरकारी कार्यालय र वित्तीय संस्थाहरु सबै बन्द रहने सुचनामा उल्लेख छ । यस्तै सोमबार बकैया गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत महेश श्रेष्ठले एक सूचना जारी गर्नुहुँदै मंगलबार लदी पर्वको अवसरमा सार्वजनिक विदा दिएको जानकारी गराउनुभएको हो । यसअघि पनि बागमती र बकैया गाउँपालिकाले लदी पर्वको अवसरमा सार्वजनिक विदा दिँदै आइरहेको छ । बकैया र बागमतीमा माझी समुदायको बाक्लो बसोबास छ । बागमतीमा हरेक वर्ष माझी समुदायले बागमती नदीमा पुजा गरी विभिन्न कार्यक्रमको आयोजना गरी लदी पर्व मनाउँदै आइरहेको छ ।

## ज्ञानदा माविमा १८ कोठाको नयाँ भवन बन्दै




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका-१० स्थित ज्ञानदा माध्यमिक विद्यालयमा ३ तलाको १८ कोठे भवन बन्ने भएको छ । भवनका लागि २ करोड ५२ लाख लागत अनुमान गरिएको १० नम्बर वडा अध्यक्ष फुर्वा दोर्जे लामाले बताउनुभयो ।

विद्यालयले एक महिनापछि सुरु हुने एसईईको तयारीका लागि विद्यार्थीलाई अतिरिक्त कक्षाको सुरुवात गरेको छ । १० नम्बर वडा कार्यालयको आर्थिक सहयोगमा आज आइतबारबाट अतिरिक्त तयारी कक्षा सुरु भएको विद्यालयका प्रधानाध्यापक रमेशप्रसाद सुवेदीले जानकारी दिनुभयो ।

सुवेदीका अनुसार एसईई अभ्यास परीक्षामा ४० प्रतिशत विद्यार्थीमात्र उत्तीर्ण भएका छन् । अभ्यास परीक्षा उत्तीर्ण गर्न नसक्ने विद्यार्थीहरुलाई बढि ध्यान दिएर पढाउँदै र हरेक दिन एउटा विषयको परीक्षा लिँदै र उनीहरुका लागि अतिरिक्त कक्षा सञ्चालन गरेको उहाँले बताउनुभयो ।

विद्यालयको नाममा लालपुर्जा नहुँदा विद्यालय विकासमा अवरोध भएको प्रधानाध्यापक सुवेदीले जानकारी दिनुभयो । शौचालय र खानेपानीको राम्रो व्यवस्था रहेको विद्यालयमा २६ कोठाको २ तले भवन रहेको छ । २०२८ सालमा स्थापित विद्यालयमा बाल कक्षादेखि १० कक्षासम्म पठाई हुँदै आएको छ । विद्यालयमा ३ सय ५ जना विद्यार्थी अध्यनरत छन् ।

## माघ महिनमा १६ जना किशोरी आमा बने

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा माघ महिनामा १६ जना किशोरीहरु आमा बनेका छन् । एक महिनाको अवधिमा २० वर्ष कम उमेरका १६ जना किशोरी आमा बनेका हुन् ।

अस्पतालमा २ सय ४७ जना गर्भवतीले सेवा लिँदा १६ जना किशोरी रहेको हेटौंडा अस्पतालका सूचना अधिकारी राजीव झाले जानकारी दिनुभयो । माघ महिनामा अस्पतालबाट प्रसुति गराएका २ सय ४७ जनामध्ये एक सय ५९ जना महिलाले सामान्य अवस्थामा बच्चा जन्माएका थिए । अस्पतालमा ९ जनाको जटिल अवस्था रहेको थियो भने ७९ जनाको शल्यक्रिया गरेर बच्चा निकाल्नुपरेको थियो ।

सूचना अधिकारी झाका अनुसार यस महिनामा एक सय १७ जना बालिका र एक सय २९ बालकको जन्म भएको छ । किशोरावस्थामा गर्भवती भई बच्चा जन्माउँदा पछि पाठेघरमा समस्या तथा अनेक रोगको संक्रमण हुने चिकित्सकको भनाइ छ । किशोरी आमाको शिशुमा पनि विभिन्न समस्या देखिने भएकाले किशोर-किशोरीहरुलाई सचेत गराउन आवश्यक रहेको छ ।

सरकारले २० वर्षभन्दा कम उमेरमा विवाह गर्न नपाउने कानुनी व्यवस्था गरे पनि व्यवहारमा लागू हुन सकेको छैन । हेटौंडा अस्पतालको तथ्यांकअनुसार चालु आर्थिक वर्ष २०८०/०८१ को साउन महिनामा २७ जना, भदौ महिनामा २५ जना, असोज महिनामा ३३ जना, कार्तिक महिनामा २२ जना, मंसिर महिनामा २३ जना र पुस महिनामा १२ जना किशोरी आमा बनेका थिए ।

## राष्ट्रपति रनिङ शिल्डका लागि बन्द प्रशिक्षण सुरु




समाज संवाददाता

हेटौंडाः जिल्लास्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिताबाट बागमती प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड खेलकुद प्रतियोगितामा छनोट भएका खेलाडीहरुका लागि बन्द प्रशिक्षण सुरु गरिएको छ । सोमबारबाट सुरु गरिएको बन्द प्रशिक्षणको उद्घाटन मकवानपुर जिल्ला खेलकुद विकास समिति मकवानपुरका अध्यक्ष वेश खड्गीको सभाध्यक्ष तथा हेटौंडा उपमहानगरपालिका प्रमुख मीनाकुमारी लामाको प्रमुख आतिथ्यमा भएको हो ।

उद्घाटन कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै नगर प्रमुख लामाले प्रशिक्षणमा सहभागी सम्पूर्ण खेलाडीहरुलाई शुभकामना दिनुहुँदै खेलाडीहरुको आफ्नै मिहिनेतले उच्च नतिजा प्राप्त गर्ने धारणा राख्नुभयो । जिल्ला खेलकुद विकास समितिका अध्यक्ष खड्गीले प्रशिक्षणमा सहभागी भएका सम्पूर्ण खेलाडीलाई अनुशासनको पालना गर्न अनुरोध गर्नुहुँदै उहाँले खेलाडीहरुको आफ्नो नराम्रो व्यवहारका कारण पछि पर्ने स्पष्ट पार्नुभयो ।

आउँदो आइतबारसम्म सञ्चालन हुने बन्द प्रशिक्षणमा मकवानपुरको विभिन्न पालिकाबाट एथ्लेटिक्स, भलिबल, कबड्डी, कराँते, तेक्वान्दो, उसु लगायतका खेलका खेलाडी तथा टिमकोचसहित करिब १ सय १० जना सहभागी रहेको जिल्ला खेलकुद विकास समितिका कार्यालय प्रमुख माधव कोइरालाले जानकारी दिनुभएको छ ।

बन्द प्रशिक्षणमा सहभागी भएका खेलाडीहरुलाई खेलसँग सम्बन्धित प्रशिक्षकले बिहान ७ बजेदेखि ९ बजेसम्म र बेलुका ४ बजेदेखि ६ बजेसम्म प्रशिक्षण दिइने कार्यालय प्रमुख कोइरालाले बताउनुभयो । खेलाडीहरुलाई चना, अण्डा, दूध र पाउरोटी खुवाउने उहाँले बताउनुभयो । बन्द प्रशिक्षणमा सहभागी भएका खेलाडीहरुको खर्चका लागि हेटौंडा उपमहानगरपालिकाले करिब ६ लाख रुपैयाँ बजेट उपलब्ध गराएको छ । बन्द प्रशिक्षणमा करिब ९ लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको छ ।

यसअघि जिल्ला खेलकुद विकास समितिले २ साता बन्द प्रशिक्षणमा राख्ने भने पनि प्रदेशस्तरीय प्रतियोगिताको मिति अचानक सार्वजनिक भएकाले १ सातासम्म मात्र बन्द प्रशिक्षणमा राख्न लागिएको हो । गत वर्षको तुलनामा खेलाडीहरुको संख्या केही बढेको जनाइएको छ । गत वर्षको प्रतियोगितामा सहभागी हुने दीना गोपाली, सुमन योञ्जन, अर्विन घले र करिना राई यस वर्षको प्रतियोगितामा पनि सहभागी हुँदैछन् ।

गत वर्ष सम्पन्न १३ औँ संस्करणको प्रदेशस्तरीय प्रतियोगितामा ५० वटा स्वर्ण पदकका लागि प्रतिस्पर्धा भएको थियो भने यस वर्ष करिब ६० वटा स्वर्ण पदकको लागि विभिन्न जिल्लाका खेलाडीहरुबीच प्रतिस्पर्धा हुनेछ । गत वर्षको प्रतियोगितामा मकवानपुरले एथ्लेटिक्सतर्फ ६ वटा स्वर्ण पदक प्राप्त गरेको थियो । प्रदेशस्तरीय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता आगामी सोमबार र मंगलबार चितवन जिल्लामा हुनेछ ।

बन्द प्रशिक्षण उद्घाटन कार्यक्रममा नेपाल सितोरियो कराँते संघ मकवानपुरका अध्यक्ष दीपकबहादुर तामाङ, मकवानपुर जिल्ला तेक्वान्दो कार्यसमितिका अध्यक्ष लालकाजीरत्न बज्राचार्य, मकवानपुर जिल्ला एथ्लेटिक्स संघका अध्यक्ष प्रभाकर पाण्डे र हेटौंडा स्कूल अफ म्यानेजमेन्टका प्रिन्सिपल पुरनबहादुर जोशीलगायतको उपस्तिथि रहेको थियो ।

## भक्तराज आचार्यको निधन

काठमाडौंः वरिष्ठ गायक तथा संगीतकार भक्तराज आचार्यको निधन भएको छ । सोमबार अपरान्ह ललितपुरको मेडिसिटी अस्पताल लैजाने क्रममा बाटोमै निधन भएको संगीतकार चेतन सापकोटाले जानकारी दिए । भजन शिरोमणिको उपाधिबाट समेत प्रसिद्ध ८२ वर्षीय आचार्य ३० वर्षदेखि दूध मात्रै खाएर बाँचिरहेको संगीतकार सापकोटाले बताए ।

आचार्यको पार्थिव शरीरलाई मंगलबार बिहान ९ बजे संगीत तथा नाट्य प्रज्ञा प्रतिष्ठानको परिसरमा अन्तिम श्रद्धाञ्जलीका लागि राखिने भएको छ । राष्ट्रिय सम्मानका साथ उनको बिदाइ गर्ने तयारी छ । १९९९ सालमा धनकुटामा जन्मिएका आचार्यको नेपाली सुगम संगीतमा विशिष्ट स्थान छ । उनी स्वर सम्राट नारायणगोपालका समकालीन गायक हुन् । आचार्यका मुटु जलिरहेछ, जति चोट दिन्छौ, जहाँ छन् बुद्धका आँखा, हजार सपनाहरुको, माया मेरी साँझ बिहान, हजार आँखा हेर्ने लगायत गीत लोकप्रिय छन् । उनले भजन पनि दर्जनौंको संख्यामा गाएका छन् । आफ्नो जीवनकालमा आचार्यले झण्डै ४०० गीतमा स्वर तथा संगीत दिएका छन् । आचार्यको निधनप्रति संगीतकर्मी, सर्वसाधारणदेखि राजनीतिक दलका नेताहरुले श्रद्धाञ्जली व्यक्त गरिरहेका छन् ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय, मकवानपुर

सूचना सूचना सूचना

यहि २०८० साल फाल्गुन १३ गते देखि १९ गते सम्म मकवानपुर जिल्ला स्थित १० वटै स्थानीय तहको वडाहरुमा दादुरा रुवेला खोप अभियान संचालन हुँदैछ । यस अभियानमा ९ महिना देखि ५ वर्ष मुनिका सम्पूर्ण बालबालिकाहरुलाई दादुरा–रुबेला रोग विरुद्धको खोप लगाइन्छ । त्यसैले आ–आफ्नो बालबालिकालाई नजिकैको खोप केन्द्रमा लगेर दादुरा–रुवेला खोप लगाउनु हुन अनुरोध छ ।

साथै यस अभियानमा ५ वर्ष मुनिका बालबालिकालाई छुटेको नियमित खोप पनि लगाइने भएकोले खोप कार्ड लिन आउनु हुन अनुरोध छ । खोप अभियान संचालन हुने मिति, समय र खोप केन्द्र रहने स्थानको बारेमा स्थानीय स्वास्थ्य संस्था, महिला स्वास्थ्य स्वयमसेविका वा वडाका जनप्रतिनिधिहरुबाट प्राप्त गर्न सकिन्छ ।

दादुरा–रुवेला रोग लागेको १ जना व्यक्तिले १८ जनासम्मलाई संक्रमण गर्न सक्छ । त्यसैले यो रोगबाट सुरक्षित हुन बालबालिकाहरुलाई दादुरा–रुबेला खोप लगाऔं र नेपालबाट दादुरा–रुबेला रोग निवारण गरौं ।

जिल्ला खोप समन्वय समिति, मकवानपुर

सम्पादकीय

# खोप अभियानको सार्थकता

नेपाल सरकारले आइतबारबाट दादुरा-रुबेलाविरुद्धको खोप अभियान सुरु गरेको छ । देशभर सुरु भएको यो अभियान चैत ७ गतेसम्म सञ्चालन हुने भए पनि मकवानपुर जिल्लामा फागुन १९ गतेसम्म खोप अभियान सञ्चालन हुँदैछ । आइतबार हेटौंडा-९ को रस्सल एकेडेमी खोप केन्द्रमा खोप अभियानको शुभारम्भ गरिएको छ । ९ नम्बर वडा अध्यक्ष सुकराम केसीले कार्यक्रमको शुभारम्भ गरेका हुन् । जिल्ला समन्वय समिति मकवानपुरका प्रमुख तथा जिल्ला खोप समन्वय समितिका संयोजक ललित घलानको प्रमुख आतिथ्य र मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्यप्रसाद सेढाईको विशिष्ट आतिथ्यमा अभियान सुरु भएको हो । आगामी शनिबारसम्म मकवानपुरको ५ सय २० वटा खोप केन्द्रबाट ९ महिनादेखि ५ वर्ष मुनिका बालबालिकालाई दादुरा-रुबेलाविरुद्धको खोप लगाइँदैछ । खोप कार्ड भएमा पहिले लगाउन छुटेका हेपाटाइटिस बी, धनुष्टंकार, इन्फ्लुएन्जा, लहरेखोकी, भ्यागुते रोग, निमोनिया र पोलियोविरुद्धको खोपसमेत लगाइने भएको छ ।

दादुरा अति छिटो सर्ने संक्रामक रोग हो । दादुरा रोग मिजल्स भाइरसको कारणबाट हुन्छ । दादुराले शरीरको बाहिरी छाला र भित्री पत्रहरुमा संक्रमण गर्छ, जुन फोक्सो, आन्द्रा, भुँडी, आँखा, मुख र घाँटीमा रहेको हुन्छ । दादुराबाट आँखाको अन्धोपना, पखाला लाग्ने, कानको संक्रमण, निमोनिया, मस्तिष्कमा कडा खालको संक्रमणजस्ता जटिलता उत्पन्न हुनुका साथै मृत्युसमेत हुनसक्छ । दादुराका भाइरसले दादुरा लागेको बेला शरीरको रोग प्रतिरोधात्मक क्षमता शक्तिलाई हप्तौंसम्म क्षति पुऱ्याइदिन्छ । रुबेला पनि रुबेला भाइरसकै कारणबाट हुने दादुराजस्तै देखिने संक्रामक रोग हो । रुबेला रोगको असरहरु दादुराभन्दा सामान्य भए पनि गर्भावस्थामा रुबेला संक्रमण भएमा गर्भपतन हुने, समय नपुगी बच्चा जन्मने, मृत बच्चा जन्म हुने तथा गम्भीर प्रकारको जन्मजात हुने विकलाङ्गहरु देखा पर्न सक्दछ । रुवेलाबाट हाडजोर्नीहरु सुन्निने वा दुख्ने, मस्तिष्कमा कडा खालको संक्रमणसमेत हुने गर्दछ । श्वासप्रश्वासबाट सर्ने दादुरा-रुबेला संक्रमण भएमा ज्वरो आउने, शरीरमा राता बिमिरा देखापर्ने, नाकबाट पानी बग्ने, खोकी लाग्ने, आँखा रातो हुने र पाक्नेजस्ता लक्षण देखिने गर्दछ ।

दादुरा-रुबेला रोग विशेष गरी ५ वर्ष मुनिका बालबालिकामा धेरै लाग्ने भए पनि कुनै पनि उमेरका मानिसलाई लाग्न सक्छ । दादुरा कोभिड-१९ भन्दा पनि तिब्र संक्रमण हुने भएकाले छिँ महामारीको रुप लिन सक्दछ । रोगीको सम्पर्कमा आएको १०-१२ दिनपछि मात्र दादुराको लक्षण (ज्वरो) देखा पर्दछ भने १२ देखि २३ दिनपछि रुबेलाको लक्षण देखा पर्दछ । यसले गर्दा बालबालिकामा अरु संक्रामक रोगहरु हुने सम्भावना पनि बढाउँछ । बालबालिकामा दादुराको संक्रमण भएमा गम्भीर प्रकारका जटिलता हुनका साथै मृत्युसमेत हुनसक्छ । दादुरा-रुबेला रोग लागेपछि यसको खास उपचार छैन । यस्तो रोग लागेमा अरुलाई सर्नबाट बचाउन बिरामीलाई अलग्गै राख्नुका साथै लक्षणअनुसार र जटिलताको उपचार गर्नुपर्दछ । यो रोगबाट बचाउन खोप नै प्रभावकारी मानिएको छ ।

दादुरा-रुबेला खोप भारतसँग सीमा जोडिएका २१ जिल्ला तथा काठमाडौं उपत्यकाका तीन जिल्ला गरी २४ जिल्लामा ९ महिनादेखि १५ वर्षमुनिका सबै बालबालिकालाई लगाइनेछ । अन्य जिल्लाका ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई खोप लगाइनेछ । ९ महिनादेखि ५ वर्षमुनिका २१ लाख ३१ हजार र ५ वर्षदेखि १५ वर्षमुनिका ३६ लाख १२ हजार गरी ५७ लाख ४३ हजार बालबालिकालाई खोप लगाउने लक्ष्य छ । खोप लगाएपछि बालबालिकालाई ज्वरो आउने, रुघाखोकी लाग्नेजस्ता समस्या देखिए पनि आत्तन नपर्ने बताइएको छ । सरकारले सन् २०१८ मा दादुरा- रुबेलालाई नियन्त्रण गरे पनि सन् २०२६ सम्म दादुरा-रुबेला निवारण गर्ने लक्ष्यका साथ खोप अभियान सञ्चालन गर्दै आएको छ । अभियानमा लक्षित बालबालिका सबैलाई खोप लगाउन सकेमा सरकारले राखेको लक्ष्य पूरा हुने र दादुरा-रुबेलाबाट बालबालिकालाई बचाउन सकिएमा खोप अभियानको सार्थकता हुनेछ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |


## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

| | |
|---|---|
| **मेष** | : मनोरञ्जनात्मक क्रियाकलापमा सरिक भइने छ । |
| **वृष** | : पारिवारीक सम्बन्धमा सबलता प्राप्त होला । |
| **मिथुन** | : कर्मका कारण प्रतिष्ठामा वृद्धि रहने योग छ । |
| **कर्कट** | : मानसिक सबलता रहने समय योग रहेको छ । |
| **सिंह** | : भावनाको साटासाटले मानसिक शान्ति होला । |
| **कन्या** | : धार्मिक एवं परोपकारजन्य कामबाट लाभ होला । |
| **तुला** | : महत्वकांक्षा बढ्नाले आय भन्दा व्यय होला । |
| **वृश्चिक** | : बौद्धिक क्षेत्रका कामबाट मन जाने समय छ । |
| **धनु** | : व्यापार र व्यवसायका कामहरु मध्यम रहलान् । |
| **मकर** | : भोग विलासका काममा धन खर्च हुने योग छ । |
| **कुम्भ** | : आशीर्वादले काममा सफलता प्राप्त हुने योग छ । |
| **मीन** | : बौद्धिक चिन्तन बढ्ने समय योग रहेको देखिन्छ । |

# आर्थिक समृद्धिमा वनजंगल



✍के.बी. बस्नेत



साधारणतया एक व्यक्तिलाई प्रतिदिन ५ सय ५० लिटर अक्सिजन चाहिन्छ। बजार मूल्य प्रतिलिटर १ हजार का दरले एक व्यक्तिलाई प्रतिदिन ५ लाख ५० हजार रुपैयाँबराबरको अक्सिजन चाहिन्छ। योबाहेक एउटा रुखले प्रत्येक वर्ष सञ्चित गरेको सरदर ९६ टनसम्म भूमिगत पानी वाष्पीकरणमार्फत वायुमण्डलमा रहन सघाउ पुर्याउँछ।

वस्तुतः मानव स्वास्थ्य तथा पर्यावरणको संरक्षणमा रुखबिरुवाहरूको धेरै योगदान हुन्छ। एउटा परिपक्व रुखले ५० वर्षमा फल तथा सौन्दर्यबाहेक अक्सिजन उत्सर्जन, वायु प्रदूषण न्यूनीकरण, बाढीपहिरो नियन्त्रण, माटोको उर्वराशक्ति अभिवृद्धि, जलीय चक्रप्रवाहमा सघाउलगायत वन्यजन्तुहरूलाई बासस्थान प्रदान गर्छ।

एउटा वयस्क स्वस्थ रुखको अक्सिजन उत्पादन क्षमता वार्षिक १ सय ३ लिटरसम्म हुन्छ, जसबाट कुनै पनि व्यक्तिको श्वासप्रश्वासमा मद्दत पुग्छ। योबाहेक एक रुखले वायुमण्डलबाट वार्षिक २२ केजी कार्बनडाइअक्साइड ग्यास अवशोषण गर्छ, जसबाट सम्पूर्ण मानव जातिलाई फाइदा हुन्छ।

नेपालको अन्दाजी ८७ प्रतिशत भूभाग पहाडले ढाकेको छ। यहाँ बाढीपहिरोका कारण करिब ६० प्रतिशत जनता जोखिम अवस्थामा छन्। वास्तवमा प्राकृतिक प्रकोप नियन्त्रण तथा न्यूनीकरणका लागि वनजंगल प्रवर्द्धन तथा संरक्षणले महत्वपूर्ण भूमिका खेल्न सक्छ। त्यति मात्र नभई वनजंगलबाट कार्बन बिक्री गरी आर्थिक समृद्धि पनि गर्न सकिन्छ।

नेपालको कुल क्षेत्रफलको झन्डै ६६ लाख हेक्टर भूभाग वनक्षेत्रले ढाकेको छ। वन तथा वातावरण मन्त्रालयद्वारा प्रकाशित एक तथ्यांकअनुसार एक हेक्टर वनले १७६.९५ मेट्रिक टन कार्बन सञ्चित गर्छ। यसका आधारमा हिसाब गर्दा यहाँको वनबाट बर्सेनि कुल १ अर्ब १० करोड ८ लाख ७० हजार मेट्रिक टन कार्बन सञ्चित हुने अनुमान छ, जसको बिक्रीबाट प्रत्येक वर्ष धेरै राजस्व वृद्धि गर्न सकिन्छ।

कार्बन भण्डारणको आनुपातिक सम्भावनाका हिसाबले दक्षिण एसियाका अन्य देशहरुको तुलनामा नेपालको अवस्था प्रशंसनीय छ। त्यसैले यहाँको वनजंगलबाट कार्बन व्यापार फस्टाउने प्रबल सम्भावना छ। हाल विश्व बजारमा विद्यमान मूल्यका आधारमा यहाँ प्रतिवर्ष झन्डै १ खर्बभन्दा बढीको कार्बन व्यापार गर्न सकिने अनुमान छ। यही कारणले उक्त व्यापारलाई प्राथमिकता दिन सरकार तत्पर छ।

विगतमा सरकारले यहाँको वनजंगलबाट झन्डै ३६ लाख मेट्रिक टन कार्बन उत्पादन गर्ने लक्ष्य लिएको थियो। जसमध्ये ५ लाख मेट्रिक टन सन् २०२२ सम्म विश्व बैंकमार्फत नर्वे र जर्मनीलाई बिक्री गर्ने सोचमा थियो। ७ लाख मेट्रिक टन बफरमा राखेर सरकारले बाँकी कार्बन अन्य इच्छुक देशहरूलाई बिक्री गर्ने नीति लिएको थियो। यसका लागि तत्कालीन सरकारले विश्व बैंकसँग कार्बन उत्सर्जन न्यूनीकरण भुक्तानी सम्झौता गरेर व्यापारको चरणमा प्रवेश गरेको थियो। तर, वनजंगलको संरक्षणबिना उक्त व्यापार लाभप्रद हुन सक्दैन।

नेपालमा खोज अनुसन्धानबिना गरिने विकास निर्माण कार्यहरू प्रत्युत्पादक भएका छन्। केही दशकअघि हरियो वन नेपालको धन भन्ने उक्ति चर्चामा थियो, जसलाई आज सार्थक बनाउन आवश्यक छ। यसका लागि विश्व तापमान वृद्धिबाट उत्पन्न समस्याको समाधानका लागि सरकारले हिँड्ने कछुवा गतिको पिछा गर्न सक्षम हुनुपर्छ, किनकि जंगलबिना मंगल हुँदैन, मानव र प्रकृतिको कल्याण पनि सम्भव हुँदैन। योबाहेक सरोकारवालाहरू वनजंगल संरक्षण तथा प्रवर्द्धनका लागि गम्भीर हुन जरुरी छ भने अध्ययन अनुसन्धानबिनाको विकास निर्माण कार्यलाई रोकेर पर्यावरणमैत्री विकास प्रारुप अवलम्बन गर्न उत्तिकै आवश्यक छ।

केही दशकयता नेपालमा प्राकृतिक वनमाथि अत्यधिक चाप र दोहन भएको छ। हुन त वि.सं. २०३५ देखि यहाँ सामुदायिक वन (पञ्चायती वन) मा लाखौं हेक्टर वृक्षारोपण भएको बुझिन्छ। योबाहेक ७७ जिल्लामा विभिन्न प्रजातिका तीन-चार लाख हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरेको पनि आधिकारिक तथ्यांक छ। उक्त वृक्षारोपण गरिएको क्षेत्रमा वैज्ञानिक वन वा दिगो वन व्यवस्थापन गर्दा प्राकृतिक वनमाथिको अध्यधिक चाप र दोहन घटाउन सकिन्छ। यति मात्र होइन, प्राकृतिक वनबाट सुकेका, ढलेका र कृत्रिम वनमा वैज्ञानिक तरिकाले वन व्यवस्थापन गरी यस देशका सम्पूर्ण उपभोक्तालाई आवश्यक पर्ने दाउरा सजिलैसँग पूर्ति गर्न सकिन्छ। यसका लागि सम्बन्धित व्यक्ति तथा संस्थाको ध्यान यथाशीघ्र आकृष्ट हुनुपरेको छ। नेपाल सरकारको पूर्ण स्वामित्वमा रहेको वन पैदावार विकास समिति र नेपाल वन निगम लिमिटेड वन पैदावार उत्पादन तथा बिक्री-वितरण गर्ने स्वायत्त संस्था हुन्। परन्तु, हाल यिनीहरू अस्तित्वविहीनजस्तै भएका छन्।

यथार्थतः वन पैदावार विकास समितिअन्तर्गत तीनवटा वन विकास परियोजनासमेत अस्तित्वमा छन्, जसमध्ये सागरनाथ वन विकास परियोजना र र तुवामाई वन विकास परियोजना आंशिक रुपमा सक्रिय छन्। नेपालगन्ज वन विकास परियोजना भने हाल निष्क्रिय छ। यी परियोजनाहरुलाई सक्रिय बनाउन सके भविष्यमा यहाँका वनजंगल संरक्षणमा केही योगदान पुगी कार्बनको व्यापार वृद्धि गर्न सकिन्छ। जसबाट यहाँको आर्थिक समृद्धिमा केही योगदान पुग्ने कुरा नकार्न सकिँदैन।

वस्तुतः यहाँको वनजंगलबाट कार्बनको व्यापार वृद्धि गर्न त्यति सहज छैन। किनकि यहाँ जलवायु परिवर्तनबाट परिरहेका र पर्न सक्ने नकारात्मक प्रभावहरूसम्बन्धी अध्ययन न्यून भएकाले कुन भौगोलिक क्षेत्रमा कस्तो प्रकारको र कति परिमाणमा के-कस्ता प्रभाव परेका छन्, आजसम्म पनि उपयुक्त परिपाटीबाट पहिचान गर्न सकिएको छैन। योबाहेक जलवायु परिवर्तनका कारण यहाँको सम्पूर्ण वनजंगलमा परेको प्रतिकूल प्रभावको विस्तृत लेखाजोखा गर्न सकिएको छैन।

जलवायु परिवर्तनका कारण यहाँका हिमालको तापक्रम दिन-प्रतिदिन बढिरहेको छ। जसको नकारात्मक प्रभाव यहाँको तराईदेखि पहाड र हिमालसम्मका वनजंगलमा परेको छ।

एकातिर यहाँका हिमताल विस्फोटनले हिमाली वातावरणको विनाश गरेको छ भने मनाङजस्तो हिमाली जिल्ला मात्र नभएर ताप्लेजुङजस्तो विकट जिल्लामा अवस्थित पाथीभराको वनमा लागेको डढेलोले उत्तिकै विनाश गरेको छ। यस्तो विनाशले एकातिर नेपालको कार्बन व्यापारबाट आशा गरेअनुरुप आयआर्जन गर्न सकिँदैन भने अर्कातिर उक्त व्यापारका लागि सम्झौता गरेअनुसार यहाँको वनजंगलबाट कार्बन उत्सर्जन गर्न नसकेमा सम्बन्धित विश्व संगठनहरूलाई हर्जाना तिर्नुपर्नेछ। त्यसैले उक्त सम्झौताअनुसार काम गर्न नितान्त आवश्यक छ।

नेपालमा पर्यटन उद्योगको अथाह सम्भावना छ। यसको विकासका लागि वनजंगलले महत्वपूर्ण भूमिका खेल्ने हुनाले आगामी दिनहरूमा यसको संरक्षणमा उपयुक्त ध्यान दिन आवश्यक छ।

*(स्रोतः कारोबारदैनिक)*

# सीपमूलक शिक्षाबारे ब्याक बेन्चरको गफ !



✍डा. विष्णुप्रसाद जोशी

अहिले सञ्जालमा लास्ट बेन्चमा बसेकै हुनुपर्ने अनुभवलाई मुख्यमन्त्री बन्न चाहिने योग्यताको रूपमा अतिरञ्जनसँगै फर्स्ट बेन्चरहरु खरिदार जस्ता जागिरमा अल्झिएर पेट मात्रै भर्दै बसेको भन्ने अभिव्यक्तिमा कर्मचारी र नेता-कार्यकर्ता बीच भनाभन चल्दै गर्दा आफ्ना स्कुल दिनको स्मरण हुन्छ।

व्यक्ति जीवनमा कत्तिको सफल हुन्छ भन्ने कुरा कक्षामा कुन बेन्चमा बस्थ्यो भन्ने मात्र मापदण्डले निर्धारण गर्ने हैन। तर हाम्रो शिक्षा प्रणालीले स्कुलमा हुँदा घोकन्ते विद्यामा बढी ध्यान दिन्छ। त्यसैले कैयौं फर्स्ट बेन्चरहरु नै जागिर नपाउने अनि आफैं उद्यमी बन्न चाहिने सीप नभएर कैयौं लास्ट बेन्चर कि बेरोजगार कि मुख्यमन्त्री बन्न पुगेका छन् !

म आफैं स्कुल जीवनमा सधैं अन्तिम श्रेणीका बेन्चमा बस्थें। प्रायः लास्ट बेन्चरले गर्ने कारनामा मेरा पनि दिनचर्या हुन्थे। हल्ला गर्ने, जोक सुनाउने, सिठी बजाउने, हाहु गर्दै नानाथरीका आवाज गर्ने, पछाडिबाट चकका टुक्राले या कागजका डल्लाले कक्षाका राम्री र पपुलर केटीहरुलाई हान्ने।

प्रायः सर-मिसहरु पनि अघिल्लो श्रेणीका बेन्चमा बस्ने, चस्मा लगाउने, शिक्षकले भनेका कुरा ध्यान दिएर सुन्ने र प्रश्न गर्ने, हुबहु शिक्षकले सिकाएको या किताबमा भएको पाठ दोहोऱ्याउने 'पढन्ते' हरूलाई नै बढी ध्यान दिने हुनाले हामी लास्ट बेन्चर शिक्षकका 'रेडार' मा पर्दैनथ्यौं। प्रायः शिक्षकहरूले होमवर्क गरिस् भनेर पनि सोध्न छोडेका थिए किनकि होमवर्क गर्ने ठेक्का 'पढन्ते' हरूकै थियो।

हामीलाई लाग्थ्यो कि 'पढन्ते' फर्स्ट बेन्चरहरु मास्टर-मास्टर्नीका प्रिय 'चम्चा' बन्ने होडमा जीवनको रमाइलो गुमाइरहेका छन्। यी बच्चाहरु कहिले ठूला हुने? हाम्रो तर्क हुन्थ्यो हात्ती पढेर ठूलो भएको हो? धरहरा पढेर अग्लो भा हो? हामीलाई लाग्थ्यो यी किताबका कीराहरु हाँस्ने-खेल्ने उमेरमा समेत रमाइलो नगरी आफ्नो जवानी बर्बाद गर्दैछन्।

***फाँटमा डुल, पहराको झरनामा नुहाएर हेर***

***जीवनको सार बुझ्न किताबहरू हटाएर हेर !***

***फर्स्ट बेन्चरहरुलाई लाग्थ्यो यी ब्याकबेन्चर हाउडेहरु ध्यान दिएर पढ-लेख नगरी जीवन खेर फाल्दैछन् ।***

शिक्षाका दुई धार छन्- पढेर सिक्ने र परेर सिक्ने। नेपालले पढेर सिकिने शिक्षाका आधारमा जागिर खाने संरचना खडा गरेको छ, तर गरेर अनुभवले सिक्ने शिक्षा नहुँदा उद्यम र व्यवसाय निर्माण गर्न मद्दत गर्ने वातावरण बनेन। पछिल्लो समय देश-विदेशमा सीपमूलक शिक्षालाई प्राथमिकता दिन थालिएको छ।

दैनिकी निर्वाह गर्नुसँगै व्यवहार चलाउन र व्यवसाय बढाउन सीपमूलक तालिम जरूरी भएको छ। विश्वव्यापी रुपमा निरन्तर वृद्धि भइरहेको विज्ञान, प्रविधि र उद्यम बजारले व्यावहारिक सीपयुक्त तालिम नभए एआई र रोबोटले भविष्यमा जागिर खोस्ने चुनौतीको सामना गर्नुपर्ने देखिएको छ।

हामीकहाँ चाहिं अझै शिक्षामा घोकाइ नै बढी छ जसलाई समयानुकूल परिमार्जन गर्नु जरुरी छ। विद्यार्थीलाई किताबको बोझ बोकाउने किसिमको पढाउने तरिका, समग्र स्कुलिङ र पाठ्यक्रम नै बदल्ने बेला भयो। 'पढ्नु भनेको केवल जागिर खान हो' भन्दा पनि शिक्षाले सबल बनाई हरेक परिस्थितिको सामना गर्न सक्ने जीवनोपयोगी प्रशिक्षण दिनुपर्छ। पढेर उत्तीर्ण हुनेहरु लोकसेवा धाइरहेका छन्। नपढ्नेहरुले नेता भएर गफ चुट्दै छन्।

नेपालमा विद्यालय शिक्षा (एसईई) पूरा गर्ने पाँच लाखभन्दा बढी विद्यार्थीमध्ये अधिकांश अप्राविधिक शिक्षामा जाने गर्दछन्। सानो सङ्ख्यामा मात्र सीपमुखी या प्राविधिक उच्च शिक्षामा अवसर हुनाले पारिवारिक व्यवसाय र स्वरोजगारीमा जाने बाहेक धेरै युवा या बेरोजगार छन् या विदेश जाँदैछन्।

उच्च शिक्षा आर्जन सँगै जीवनोपयोगी सीप सिकेर आयमूलक

....बाँकी पृष्ठ ३ मा

# अभ्यास र मिहिनेतले सफल भएको जस्तो लाग्छ

त्रिभुवन विश्वविद्यालयको परीक्षा नियन्त्रण कार्यालयले बीबीए पाँचौं सेमेस्टरको परीक्षाको नतीजा बिहिबार प्रकाशन गरेको छ । बिहिबार प्रकाशित नतिजाअनुसार मकवानपुर बहुमुखी क्याम्पसका ५ जना विद्यार्थीले ४ जिपिए हासिल गरेका छन् । ४ जिपिए हासिल गर्ने ५ जना मध्ये सैय्यद अतिफा हसन र सैय्यद अफिफा हसन जुम्ल्याहा दिदीबहिनी पनि हुन् । परीक्षामा उत्कृष्ट नतीजा हासिल गरेकी दिदीबहिनीसँग समृद्ध समाज दैनिकका लागि सुप्रभा चौलागाईले नियमित पठनपाठन, परीक्षाको नतीजा र क्याम्पसको शैक्षिक वातावरणको विषयमा केन्द्रित भएर गरिएको कुराकानीको सम्पादित अंश:



अतिफा/अफिफा
**बीबीए पाँचौं सेमेस्टर नेपाल टप विद्यार्थी, मकवानपुर बहुमुखी क्याम्पस**

**समाज: नतिजामा ४ जिपिए हासिल गरेपछि कस्तो अनुभव हुँदैछ ?**
**अफिफा**: क्याम्पसमा प्रथम भयो, राम्रो नतिजा आयो भने छात्रवृत्ति पाइन्छ । मलाई धेरै खुसी यसैमा छ ।

**समाज: ४ जिपिए ल्याउनका लागि कतिको मिहिनेत गर्नुपर्‍यो ?**
**अफिफा**: मिहिनेत गरेको थिएँ । राती ११ बजे सुतेर बिहान ३ बजे उठेर पढ्ने गरेको थिएँ । व्यवहारिक परीक्षाहरुमा धेरै अभ्यास गर्नुपर्ने हुन्छ । त्यहि हो अभ्यास र मिहिनेतले सफल भएको जस्तो लाग्छ ।

**समाज: तपाईहरुको पढ्ने शैली कस्तो छ ?**
**अफिफा**: मलाई परीक्षाको समयमा निन्द्रा लाग्दैन । लेखेर याद हुन्छ । सिद्धान्तहरु लेखेर पढ्ने गरेको छु । यसरी पढेर हामी परीक्षाको तयारी गर्ने गरेको छौं । नयाँ-नँया कुराहरु आफैं लेखेर नोट बनाउने, शिक्षकले दिएको मात्र सीमित नभई आफुले पनि खेज्ने सामग्री जुटाएर पढ्ने शैलीले सफल बनायो जस्तो लाग्छ ।

**समाज: अतिफा र अफिफा जुम्ल्याहा हुनुहुन्छ । दुबै बीच कस्तो फरक छ ?**
**आतिफा**: हामी बीच धेरै कुरा मिल्दो नै छ । हामी सानैदेखि सँगसँगै हुन्छौं । फरक नै भन्नु पर्दा अफिफा अति चञ्चल स्वभावको छ । उसलाई रमाईलो गर्न र फिल्महरु हेर्न मन पर्छ । यसमा म विपरित छु । मलाई शान्त बस्न मन पर्छ ।

**समाज: बिबिए पढाई रोज्नुको कारण के हो ?**
**आतिफा**: हाम्रो पहिला सोच चार्टर्ड एकाउन्ट (सिए) पढ्ने थियो । तर पछि हामीले बिबिए रोज्यौं । बिबिएमा धेरै स्कोप छ । यो विषयमा क्षमता विकास हुने र राम्रो पोस्टको जागिर पाउन सकिन्छ । सँगै उद्यमशीलताको क्षेत्रमा पनि यहि विषयले भूमिका राख्छ । यहि भएर यो विषय चयन गर्‍यौं ।

**समाज: यो विषयलाई क्याम्पसमा कसरी पढाउने गरिन्छ ?**
**आतिफा**: सबै श्रोत साधनको उपयोग गरी पढाईन्छ । प्रोजेक्टरको प्रयोगबाट पढाई हुन्छ । र लाइब्रेरीमा पनि कोर्सको सबै किताबहरु राखिएको छ । जसबाट पढ्न धेरै सहज र राम्रो वातावरण छ ।

**समाज: पढाई सँगसँगै अन्य के कस्ता क्रियाकलापहरु गर्नुहुन्छ ?**
**अफिफा**: म ग्राफिक डिजाइन गर्छु । भिडियो इडिटिङ्ग गर्छु । यसले क्षमता विकास भइरहेको हुन्छ ।

**समाज: तपाईहरुको परिवारले कस्तो भूमिका राख्नुहुन्छ ?**
**आतिफा**: हाम्रो परिवारको साथले गर्दा नै हामी यहाँसम्म पुग्न सफल भएको हौं । हाम्रो परिवारले हाम्रो परीक्षाको समयमा हामीलाई धेरै सहयोग गर्नुहुन्छ । घरको धेरै काम नगर र आफ्नो पढाई गर, केहि आवश्यक छ भने हामीलाई भन जस्तो कुरा गर्नुहुन्छ । र धेरै सपोर्ट गर्नुहुन्छ ।

**समाज: पढाईमा कस्तो थप सुधार गर्नुपर्ने छ । तपाईहरुको योजना के छ ?**
**आतिफा**: सबै कुरा राम्रो नै छ । तर पनि किन हो हाम्रो सैद्धान्तिक विषय अलि कमजोर छ । याद गर्न क्षमता सुधार्दै लैजाने योजना रहेको छ ।

**समाज: तपाईले ४ जिपिए ल्याउँदा साथीहरुको प्रतिक्रिया कस्तो रह्यो ?**
**आतिफा**: हामी भन्दा हाम्रो साथीहरु धेरै खुसी भएको पाएका छौं । साथीहरु पनि धेरै सहयोग गर्ने र मिजासिलो हुनुहुन्छ ।

**समाज: सबै राम्रो रहँदा रहँदै पनि क्याम्पसले के के कुरा सुधार्न आवश्यक छ ?**
**अफिफा**: अहिलेको समयमा क्याम्पसमा धेरै विदा हुने गरेको छ । त्यसकारण हाम्रो कोर्समा ढिलाई हुन्छ । कुनै शिक्षकहरु पनि कोही स्लाईड मात्र देखाउने, विद्यार्थीले बुझ्यो कि बुझेन मतलब नगर्ने किसिमको हुनुहुन्छ । यस पक्षहरु सुधार गर्न जरुरी छ ।

**आतिफा**: मैले विचार गरेको कुरा चाहिँ हाम्रो क्याम्पसमा बिबिए बिबिएमलाई धेरै मान्यता दिने बाँकी संकायको धेरै चासो नलिने गरेको छ । सबै विद्यार्थीहरुलाई समान रुपमा हेर्नु पर्छ । यो विषयमा क्याम्पसमा नोक-झोक पनि भएको थियो ।


# मकवानपुर बाल विद्या सदन
## हेटौंडा-१८, खड्कुले

## दादुरा-रुबेला रोग पूर्णरुपमा निवारण गरौं

### ९ महिनादेखि ५ वर्षमुनिका सबै बालबालिकालाई नछुटाई खोप लगाऔं !

**फागुन १३ गतेदेखि २० गतेसम्म हेटौंडा १८ हर्नामाडीका ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई दादुरा-रुबेला रोग विरुद्धको खोप लगाइँदैछ ।**

**फागुन १५ गते हाम्रो विद्यालयमा बिहान १०:३० बाट बालबालिकाहरुलाई खोप लगाउने कार्यक्रम रहेकोले सम्बन्धित सबै अभिभावकलाई सहभागीताको लागि हार्दिक अनुरोध गर्दछौं ।**

बालबालिकाकालाई आवश्यक खोप लगाऔं । स्वस्थ रहौं । सुरक्षित रहौं ।




### दादुरा-रुबेला के हो ?
दादुरा अति छिटो सर्ने संक्रामक रोग हो, जुन मिजल्स भाईरसको कारणबाट हुन्छ । रुबेला पनि भाइरस (रुवेला भाईरस) कै कारणबाट हुने दादुरा जस्तै देखिने संक्रामक रोग हो । यो रोग श्वास प्रश्वासको माध्यमबाट सर्दछ ।

### कसलाई लाग्ने सम्भावना बढि हुन्छ ?
यो रोग कुनै पनि उमेरका मानिसलाई लाग्न सक्छ । तर विशेषगरी ५ वर्ष मुनिका बालबालिकामा धेरै लाग्ने गरेको पाइन्छ ।

### यो रोग किन डर लाग्दो छ ?
- किनकी यो रोगले छिट्टै महामारीको रुप पनि लिन सक्दछ ।
- यो रोग लागेका बालबालिकामा अरु संक्रामक रोगहरू हुने सम्भावना पनि धेरै हुन्छ ।
- यो रोगको संक्रमण भएमा निकै गाह्रो हुनका साथै ज्यानै जाने सम्भावना समेत हुन सक्छ ।
- आँखाको अन्धोपना हुन सक्दछ ।
- पखाला लाग्ने, कानको संक्रमण, न्यूमोनिया, मस्तिष्कमा कडा खालको संक्रमण (encephalitis) हुन सक्दछ ।
- रुवेलाको कारण हाडजोर्नीहरु सुन्निने वा दुख्ने, मस्तिष्कमा कडा खालको संक्रमण (encephalitis), गर्भपतन हुने वा मृत शिशु जन्मने, जन्मदै हुने विकलाङ्ग (CRS) अन्धोपना, बहिरोपना, मुटु र मस्तिष्कमा विकृति आदी), रगत जम्ने क्षमतामा कमि (रक्तस्राव) आदि समस्या हुन सक्दछ ।
- जटिलता बढे यसै कारणले मृत्यु समेत हुन सक्ने सम्भावना हुन्छ ।

### याद राखौं !
- दादुरा रोग कोभिड-१९ भन्दा पनि तीव्र गतिले फैलन्छ । यसको मृत्युदर पनि उच्च रहेको छ ।
- १ जना दादुरा संक्रमितले १८ जना सम्मलाई रोग सार्न सक्ने सम्भावना हुन्छ ।

### दादुरा रुबेलाबाट कसरी बच्ने ?
-दादुरा रुबेला रोगबाट बच्ने एक मात्र उपाय दादुरा-रुबेला विरुद्धको खोप लिनु नै हो ।

फागुन १३ गतेदेखि २० गतेसम्म हेटौंडा-१८ हर्नामाडीका ९ महिनादेखि ५ वर्षसम्मका बालबालिकालाई दादुरा-रुबेला रोग विरुद्धको खोप लगाइँदैछ । फागुन १५ गते हाम्रो विद्यालयमा बिहान १०:३० बाट बालबालिकाहरुलाई खोप लगाउने कार्यक्रम रहेकोले सम्बन्धित सबै अभिभावकलाई सहभागिताका लागि हार्दिक अनुरोध गर्दछौं ।


## *सीपमूलक शिक्षाबारे...*

गतिविधि र स्वरोजगारमा प्रोत्साहन गर्ने नीति र संरचना भए स्थानीय सम्भावनालाई उपयोग गरी रोजगार सिर्जना गर्न सकिन्छ । सीप सिकेर मात्र मुलुक बाहिर जानेहरुले पनि कम जोखिमयुक्त काम गरी धेरै आएआर्जन गर्न सक्छन् । यी दुवै अवस्थामा अर्थतन्त्र सुदृढ भई देशको विकासमा योगदान पुग्छ ।

सीपमूलक व्यावसायिक शिक्षा आजको आवश्यकता हो। आधारभूत शिक्षा र सीपले जीवनयापन गर्न, माध्यमिक शिक्षाले वृत्ति-विकासको सीप दिन र विश्वविद्यालय तहको शिक्षाले जागिरको लागि प्रतिस्पर्धात्मक बजारको सामना गर्ने क्षमतासँगै रोजगारी सिर्जना गर्न तथा नवप्रवर्तनलाई उद्यम र उत्पादनमा जोड्न सक्नुपर्छ। हामीले हाम्रा उच्च शिक्षा संयन्त्र किन उद्यमशीलता हुन सकेन भन्ने विषयमा गम्भीर समीक्षा गर्नुपर्‍यो ।

विकसित देशहरुमा खासगरी युरोप र अमेरिकामा स्वतन्त्रता, स्व-अध्ययन र प्रयोगात्मक शिक्षणलाई प्रवर्धन गरिन्छ । क्रियाकलाप, स्थलगत भ्रमण र समस्या समाधान जस्ता पठन-पाठनका विधिमा जोड दिइन्छ । विद्यार्थीलाई कुनै जवाफ उत्तरलाई सही-गलतको श्याम या श्वेत द्वैत उत्तर खोज्ने संकीर्ण मानसिकताबाट मुक्त गरिन्छ ।

मौलिक, स्वच्छन्द र आफ्नै शब्दमा उत्तर लेख्न प्रेरित गरिन्छ । अमेरिकामा कुनै विद्यार्थीको उत्तर ३० प्रतिशत हुबहु भए वा अन्य कुनै प्रकाशित लेखहरुसँग मिल्न गए त्यसलाई बदर गरिन्छ । शिक्षा र सीप आर्जनको यात्रामा लक्ष्य एउटै भए पनि बाटाहरु फरक हुनसक्छन् त्यसैले 'तिमी आफ्नै बाटो चुनेर लक्ष्य प्राप्ति गर' भनेर प्रोत्साहन गरिन्छ ।

यस्तो प्रवृत्तिले रचनात्मक, सृजनशीलता र मौलिकताको प्रवर्धन गर्छ । यसको विपरीत नेपालमा धेरै शिक्षक, प्राध्यापक आफ्ना १० वर्षअघिको टिपोट (नोट) बाट कालो-सेतो पाटीमा उत्तर लेख्छन् र हुबहु सार्ने र त्यही उत्तर लेख्नेलाई अब्बल नम्बर दिइन्छ । यस्तो अर्काको बनिबनाऊ उत्तरलाई घोकेर हुबहु उत्तरपुस्तिकामा उतार्ने प्रवृत्तिले मौलिकतालाई निरुत्साहित गर्छ । यसको दूरगामी असर उद्यमशीलतामा पर्छ। यसले पराश्रित हुने प्रवृत्तिको प्रवर्धन गर्छ ।

यसले आफैं उद्यमशीलतामा (अवसरको पहिचान र सदुपयोग) गर्नुको साटो कसैले दिएको नोकरी (जागिर) खोज्ने प्रवृत्ति प्रतिस्थापित हुन्छ। आफैं गर्न सक्छु भन्ने आत्मविश्वासमा ह्रास आउँछ। यसको फलस्वरुप आज वैदेशिक रोजगारको लागि जानेलाई जसले पनि ऋण दिने तर, आफ्नै गाउँ-ठाउँमा केही उद्यम (फर्म) खोल्छु भन्नेलाई लगानीकर्ता भेट्न गाह्रो पर्छ । त्यस्तै विदेश जाने युवालाई धेरै आफ्नो छोरी-बहिनी दिन तयार हुन्छन् तर, आफ्नै गाउँघरमा गरिखान्छु भन्ने ऊर्जावान् युवा हाँसोको पात्र बन्छ ।

त्यसैले त आज नेपालको लाखौंको संख्यामा दक्ष जनशक्ति विदेशमा छ । हुन पनि किन नहोस् त नेपालमा अनुसन्धान गर्ने न प्रयोगशाला छन् न त्यस्ता अनुसन्धानका निष्कर्षलाई प्रविधि बनाई प्रयोगमा ल्याउनका लागि कम्पनी नै । त्यसैले अहिले पहाडका मान्छे तराई झर्न चाहन्छन् । तराईका काठमाडौं चढ्न चाहन्छन् भने काठमाडौंका विदेश उड्न चाहन्छन् । यो दक्ष जनशक्ति पलायन रोक्न केही दिगो योजनाहरु बनाई तिनको कार्यान्वयन गर्नु आवश्यक छ ।

हामीले पनि स्थानीय क्षेत्रको आम जनजीवनमा प्रत्यक्ष असर गर्ने खालको विज्ञान र प्रविधिको त्यही क्षेत्रमा विकास गर्नु आवश्यक छ । उदाहरणको लागि जुम्लामा त्यहींको स्याउ खेती, भण्डारण र जुस प्रशोधन सम्बन्धी अनुसन्धान र प्राविधिक विकासमा जोड दिनुपर्‍यो भने इलाममा चिया सम्बन्धी या कर्णाली, खप्तडमा जडीबुटी सम्बन्धी । यसो गरेदेखि अरु देशका शैक्षिक संस्था र अनुसन्धान केन्द्रहरुसँग सहकार्यका बाटा खुल्छन् । पर्यटनको प्रवर्धन हुन्छ ।

**देश-विदेशको सहकार्य, नेपालमा अब अनिवार्य**

नेपालीहरु जहाँ भए पनि मन नेपाली नै हुन्छ । भौतिक रुपमा सबै जना नेपाल फर्किन नसके/नचाहे पनि आज विदेशमा रहेका लाखौं नेपाली मनहरु आफ्नो क्षमता र दक्षतालाई प्रयोग गरी नेपालमै केही तालिम केन्द्र, उद्योग-व्यवसाय खोल्ने इच्छा व्यक्त गर्छन् । उनीहरुसँग विज्ञता, साधन-स्रोत छ । तर, आफ्नै गाउँ-ठाउँमा त्यो विज्ञता परिचालन गर्न स्थान र सञ्जाल छैन । अर्कोतिर गाउँघरमै केही गर्न चाहने युवा मित्रहरु छन् । जोससँग समय र जोस-जाँगर त छ तर, अवसर अनि साधन-स्रोत छैन ।

यदि आफ्नो गाउँ-ठाउँ आफ्नै पुस्तामा समृद्ध बनाउने साझा सपना बोकेका सबै युवाहरू हातेमालो गरी अघि बढ्ने चौतारी र सञ्जाल बनाउन पाए हाम्रो स्थानीय शैक्षिक, आर्थिक र सीपमूलक विकास दिगो हुनसक्छ । अब परदेशिएका युवा साथीले विदेशमा कमाएको पूँजीलाई आ-आफ्नै गाउँ-ठाउँमा विप्रेषण मात्र नगरी गाउँमै भएका युवालाई रोजगारी समेत सिर्जना गरी लगानी गर्ने वातावरण आवश्यक छ ।

शिक्षा प्रणालीलाई गुणस्तरीय र उद्यमशीलता बनाउन पूर्वाधार, सञ्जाल र संरचना निर्माणमा युवा पुस्ताले जुट्नुपर्‍यो । देशमा गुणस्तरीय शिक्षा प्रणालीको विकास, उद्यमशीलता प्रवर्धन, रोजगारी सिर्जना गर्न व्यक्तिगत, सामूहिक प्रयासका साथै सक्षम नेतृत्वको पनि आवश्यकता पर्दछ ।

हो, राजनीतिको सोपानमा माथि उक्लिन साम, दाम, दण्ड, भेद सबै चाहिन्छ तर पदमा पुगेपछि भिजन माग्छ, विज्ञता माग्छ । एउटा औपचारिक रूपमा नपढेको नेता त्यो पोजिसनमा पुग्नुहुन्न भन्न खोजेको होइन तर त्यो नेताले कार्य सम्पादन गर्न सक्ने विज्ञहरूलाई हायर गर्न सक्नुपर्‍यो ।

विज्ञता भएको मानिसलाई सम्बन्धित काम दिनुपर्‍यो । नेतासँग विज्ञता नहुन सक्ला तर सही निर्णय गर्न सक्ने क्षमता र विज्ञहरूलाई समेटेर काम गराउन सक्ने व्यवस्थापकीय क्षमता चाहिं हुनुपर्‍यो । नत्र फर्स्ट बेञ्चर रवीन्द्र मिश्रहरु अनि लास्ट बेन्चर केदार कार्की अनि क्लासै बंक गर्ने दुर्गा प्रसाईंका अर्थ र औचित्यहीन अभिव्यक्ति माथि वाद-विवाद गर्दै यो पुस्ताको कक्षाको घण्टी बज्ने भयो । *(स्रोत: अनलाईनखबर)*


## मालपोत कार्यालय शिखरकोट मकवानपुरबाट जारी गरिएको छुट जग्गा दर्ता तथा नामसारी
### हकदावी सम्बन्धी ३५ (पैंतिस)दिने सार्वजनिक सूचना

निवेदक:- श्रीमती सक्कलीमाया गोपाली जग्गाधनी इन्द्र बहादुर गोपाली

जिल्ला मकवानपुर साविक बज्रबाराही गा.वि.स. वडा नं. ६ हाल: थाहा न.पा. १ बस्ने जगत बहादुरको बुहारी ईन्द्र बहादुर गोपालीको श्रीमति सक्कलीमाया गोपालीको माग निवेदन, फिल्डबुक कैफियत व्यहोरा बमोजिम यो जग्गा इन्द्र बहादुर गोपाली पं. टि. वडा नं. ३ बस्नेको नाउँमा दर्ता हुनेहो भनी प्रमाणित गर्ने भनी उल्लेख भएको, निज इन्द्र बहादुर गोपालीको मिति २०४७०४।१७ मा आफ्नै कालगतिले मृत्यु भइसकेको निजको एकमात्र श्रीमती सक्कलीमाया गोपाली भएको टिस्टुङ वडा नं ४ को कि.नं. ७१८, ९७८ ज.रो ०-३-३-० र ०-१३-०-० जग्गाको पुर्जा प्राप्त नभएकाले श्रीमती सक्कलीमाया गोपालीको नाममा छुट जग्गा दर्ता गरी पुर्जा पाउँ भनी मागदावी निवेदन अनुसार उल्लेखित कित्ता जग्गामा माथी उल्लेखित हकदारहरु बाहेक अरु कसैको हक लाग्ने भए सबुत प्रमाण सहित सुचना प्रकाशित भएको मितिले ३५ (पैंतिस)दिन भित्र यस कार्यालयमा स-प्रमाण सहित उजुर बाजुर गर्न आउनुहोला अन्यया निवेदकको माग दावी बमोजिम छुट जग्गा दर्ता भई जाने व्यहोरा सर्वसाधरणहरुको जानकारीका लागी यो सुचना प्रकाशित गरिएको छ ।


**बालबालिकालाई मैत्रीपूर्ण वातावरणमा पढ्न, लेख्न सिकाउन अभिभावक जिम्मेवार बनौं ।**

# सिन्धुली, चितवन र नुवाकोटमा ५ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः सिन्धुली, चितवन र नुवाकोट जिल्लामा विभिन्न घटनामा एकैदिन ५ जनाको मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले दिएको जानकारीअनुसार सिन्धुली जिल्लाको तीनपाटन गाउँपालिका–८, महभिरडाँडामा ट्याङ्कीमा डुबेर ३१ महिने बालिकाको मृत्यु भएको छ । मृत्यु हुनेमा टंक बहादुर मगरकी छोरी ३१ महिनाकी अनिशा मगर रहेको प्रहरीले जानकारी दिएको छ ।

बालिका आइतवार बिहान ९ बजेको समयमा खेल्ने क्रममा प्लाष्टिकको पानी ट्याङ्कीमा डुबी बेहोस भएकी थिइन् । उपचारका लागि प्राथमिक स्वास्थ्य चौकी बाहन तिल्पुङमा लगिएकोमा सामान्य उपचार पश्चात थप उपचारका लागि प्राथमिक स्वास्थ्य चौकी लामपाटटार चकमकेमा लगिएकोमा उपचारको क्रममा बिहान ११ बजे मृत्यु भएको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, सिन्धुली जिल्लाको गोलन्जोर गाउँपालिका–३, भदौरेमा एकजना महिला मृत फेला परेकी छन् । मृत फेला पर्नेमा ३५ वर्षीया पन्चमाया तामाङ रहेको प्रहरीले जानकारी दिएको छ । शनिबार तामाङ साँझ ५ बजेको समयमा सामान्य बिरामी भएकी थिइन् । बिरामी तामाङ खाना खाइ सुतेकोमा आइतबार बिहान ३ बजेको समयमा सुतेको ठाँउमा नै मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका–३, न्यू रोडमा एक जना पुरुष मृत फेला परेका छन् । आइतबार दिउँसो २ बजेको समयमा हाल नाम थर नखुलेको अन्दाजी ४५ वर्षीय पुरुष सडक छेउ मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ । भरतपुर–२२, पटिहानीमा पनि एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा रुपन्देही जिल्लाको बुटवल घर भई हाल पटिहानी बस्ने ५६ वर्षीय होम बहादुर क्षेत्री रहेको प्रहरीले जानकारी दिएको छ । क्षेत्री एक होटेलमा काम गर्ने गरेका थिए । क्षेत्री ३ दिनदेखि बिरामी रहेकोमा आइतवार सोही होटलको आफु सुत्ने कोठामा मृत अवस्थामा फेला परेको प्रहरीले जानकारी दिएको छ ।

यस्तै, नुवाकोट जिल्लाको किस्पाङ गाउँपालिका–५, जयडाँडामा भिरबाट लडेर एक जना पुरुष मृत फेला परेका छन् । मृत फेला पर्नेमा बिदुर नगरपालिका–७, तुप्चे बस्ने ४८ वर्षीय थंक बहादुर सुवेदी रहेको प्रहरीले जानकारी दिएको छ । र सुवाको मैलुङ हाइड्रोपावरमा काम गर्ने सुवेदी शनिबार दिउँसो ४ बजेको समयमा कसैलाई नसोधी हिडेकोमा आफन्तले खोज तलास गर्दै जाँदा आइतवार साँझ ६ बजेर ३० मिनेटको समयमा जयडाँडा स्थित सोले काउले लामीडाँडा भिरबाट लडी मृत अवस्थामा फेला परेका थिए । मुचुल्का पश्चात शव पोष्टमार्टमका लागि जिल्ला अस्पताल त्रिशुली लगिएको प्रहरीले जानकारी दिएको छ ।

# १९ जनाले लिए बन्ध्याकरण सेवा

समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका–११, थानाभन्याङस्थित नेपाल परिवार नियोजन संघ, मकवानपुर शाखा कार्यालयमा बन्ध्याकरण शिविर भएको छ । आइतबार भएको शिविरमा १९ जना पुरुषले सेवा लिएको संघकी शाखा प्रवन्धक मन्ता श्रेष्ठले जानकारी दिनुभयो ।

स्वास्थ्य कार्यालय मकवानपुरको आयोजना र नेपाल परिवार नियोजन संघको प्राविधिक सहयोगमा कार्यक्रम भएको थियो । एकदिने शिविरमा डा. बिदुर भण्डारीले स्वास्थ्य जाँच गर्नु भएको हो । संघले पहिलेदेखि यस्तो कार्यक्रम गर्दै आएको छ ।

दुई महिना अगाडि भएको भ्यासेक्टोमी शिविर कार्यक्रममा २६ जना पुरुषको सहभागिता रहेको श्रेष्ठले बताउनुभयो । सन्तानको रहर पुगेका दम्पत्तिले आफ्नो इच्छानुसार स्थायी बन्ध्याकरण गर्न सहज बनाउने उद्देश्यले शिविर आयोजना गरिएको हो ।

# ६७ जनाले डायलासिस सेवा लिँदै

समाज संवाददाता

हेटौंडाः हेटौंडा अस्पतालमा ६७ जना मिर्गौला बिरामीले डायलासिस सेवा लिइरहेका छन् । अस्पतालको डायलासिस विभागमा ६७ जना मिर्गौला बिरामीले सेवा लिइरहेको विभागकी स्टाफ नर्स रोजिना बजगाईले जानकारी दिनुभयो ।

विभागामा सञ्चालन भइरहेको १४ वटा मेसिनबाट ४६ जना पुरुष र २१ जना महिलाले सेवा लिइरहेका छन् । मिर्गौलाका बिरामीअनुसार अस्पतालमा बोलाई अस्पतालले हप्ताको दुई–तीन पटक डायलासिस सेवा प्रदान गरिरहेको छ । अस्पतालले बिहान र दिउँसो गरी दुई सिफ्टमा बिरामीलाई सेवा दिँदै आएको छ ।

उच्च रक्तचाप र मधुमेहको बिरामीको डायलासिस गर्ने गरिन्छ । अस्पतालको डायलासिस विभागले अहिले रिफरका आपतकालीन केसलाई पनि हेरिरहेको छ । तीन महिना अगाडि सिमित मेसिन र क्षमताका कारण रिफरको बिरामीलाई होल्ड गरेको बजगाईले बताउनुभयो । अहिले पनि डायलासिस विभागबाट सेवा लिन ३० जना मिर्गौलाका बिरामीहरु प्रतीक्षा गरिरहेका छन् ।

विभागका बिरामीहरुलाई एकजना डाक्टर र स्टाफ नर्सहरुले सेवा प्रदान गरिरहनुभएको छ । विभागले आइतबार डायलासिस गरेका मिर्गौला बिरामीहरुको बुधबार, सोमबार डायलासिस गरेका बिरामीहरुको बिहीबार र मंगलबार डायलासिस गरेका बिरामीहरुको शुक्रबार पालो राखेको छ । अस्पतालमा जाँच गराइरहेका ६७ जनामध्ये २ जना बाराका रहेका छन् भने पर्सा, सिन्धुलीका एक–एक जना रहेका छन् । एक बिरामीलाई डायलासिस गर्न ४ घण्टा लाग्ने बजगाईले बताउनुभयो ।

# दुग्ध किसानले राजमार्ग अवरुद्ध गर्ने

समाज संवाददाता

हेटौंडाः किसानले दुधको भुक्तानी माग गर्दै राजमार्ग अवरुद्ध गर्ने भएको छ । ६ महिनादेखि सरकारी स्वामित्वको दुग्ध वितरण आयोजना र निजी डेरीले किसानसँग खरिद गरेको दुधको रकम भुक्तानी नगरेको भन्दै आउँदो बिहिवार किसानले देशव्यापी विरोध कार्यक्रमअन्तर्गत मकवानपुरमा पनि राजमार्ग अवरुद्ध गर्ने भएको छ ।

मकवानपुर जिल्ला दुग्ध उत्पादक सहकारी संघ लिमिटेडले सोमबार एक विज्ञप्ति जारी गर्दै केन्द्रको आव्हानमा देशव्यापी कार्यक्रमअन्तर्गत विरोध ऱ्याली र राजमार्ग अवरुद्ध गरिने जनाएको छ । हेटौंडा बजारको चारक्षेत्रबाट विरोध ऱ्याली निकालिने भएको छ । उत्तरतर्फ चौकीटोल, दक्षिणतर्फ कर्रा पुल, पूर्वतर्फ सानोपोखरा र पश्चिमतर्फ राप्ती पुलबाट बिहान ११ बजे विरोध ऱ्याली निकालिने बताइएको छ ।

यसअघि संघका पदाधिकारीले सोमबार मकवानपुरका प्रमुख जिल्ला अधिकारीमार्फत प्रधानमन्त्रीलाई आफ्ना माग पूरा गर्न ज्ञापनपत्र बुझाएको छ । मकवानपुरका प्रमुख जिल्ला अधिकारी सूर्य प्रसाद सेडाईमार्फत प्रधानमन्त्रीलाई संघका पदाधीकारीहरुले ८ बुँदे मागसहित ज्ञापनपत्र बुझाएको हो । दुग्ध वितरण आयोजना र निजी क्षेत्रबाट सञ्चालित डेरी उद्योगहरुसँग विगत ६ महिनादेखि रोकिएको सम्पूर्ण रकम यथाशिघ्र भुक्तानीको व्यवस्था गर्न, किसानहरुले भोगिरहेको मिल्क होलिडे तुरुन्त रोकिनु पर्ने, अनियमित ढंगबाट अन्य मुलुकहरुबाट आयातित दुग्धजन्य पदार्थहरुको आयात पूर्णरुपमा अविलम्ब बन्द गर्नुपर्ने, दुग्ध उत्पादक किसानहरुलाई सहुलियत कृषि कर्जा यथाशिघ्र दिने व्यवस्था मिलाउनुपर्ने, दुग्ध उत्पादनमा लागत मूल्य घटाउन दिँदै आएको प्रतिलिटर ५ रुपैयाँ अनुदान दिने व्यवस्था गर्नुपर्ने, दुग्ध उत्पादक सहकारी संस्थामार्फत पशु बीमा गर्ने व्यवस्था मिलाउनु पर्ने, दुग्ध तथा दुग्धजन्य पदार्थ निर्यातका लागि खोरेत लगायत रोगमुक्त घोषणा गर्नुपर्ने संघको माग रहेको छ ।

संघले आज मंगलबार जिल्ला प्रशासन कार्यालयमा जिल्ला दुग्ध उत्पादक सहकारी संघको अगुवाईमा बिहान १० बजेदेखि १२ बजेसम्म धर्ना, विरोध तथा ज्ञापनपत्र बुझाउने जनाएको छ । फागुन २१ गतेदेखि माईतीघर मण्डलामा माग पूरा नभएसम्म धर्ना तथा विरोध प्रदर्शन गर्ने जनाएको छ । केही समयअघि बागमती प्रदेशभरका दुग्ध उत्पादक संघले कृषि विकास निर्देशनालयमा नै तालाबन्दी गरेर विरोध प्रदर्शन गरेका थिए ।

# आधुनिक राष्ट्रिय माविले एसईईको अन्तिम तयारी गर्दै




समाज संवाददाता

हेटौंडाः हेटौंडा उपमहानगरपालिका–४ स्थित आधुनिक राष्ट्रिय माध्यमिक विद्यालयले एसईईमा सहभागी हुने विद्यार्थीहरुका लागि विषेश तयारी गराइरहेको छ । एसईई आउन एक महिना बाँकी हुँदा विद्यार्थीहरुलाई तयारी गराइरहेको विद्यालयका प्रधानाध्यापक रामसागर गुरागाईले जानकारी दिनुभयो ।

एसईईमा राम्रो नतिजा ल्याउन विद्यालयले प्रत्येक हप्ता २ वटा विषयको परीक्षा लिने उहाँले बताउनुभयो । जान्ने विद्यार्थीहरु र कमजोर विद्यार्थीहरुको समूह छुट्याएर जान्ने विद्यार्थीहरुलाई ६ दिने पढाउने र २ बजे छुट्टि दिने र कमजोर विद्यार्थीहरुलाई बिहान ८ बजेदेखि ६ बजेसम्म पढाउने गरेको प्रधानाध्यापक गुरागाईले बताउनुभयो ।

विद्यालयमा बाल कक्षादेखि १२ कक्षासम्म पढाई हुँदै आइरहेको छ । विद्यालयमा यस शैक्षिक सत्रमा दुई हजार ६ सय १२ जना विद्यार्थी अध्ययनरत रहेका छन् । विद्यालयको लाइब्रेरीमा ९ हजार ३ सय किताब रहेको र विद्यार्थीहरु खालि समयमा लाइब्रेरी गएर पुस्तक पढ्ने गरेको प्रधानाध्यापक गुरागाईले जानकारी दिनुभयो ।

विद्यालयमा खानेपानी र शौचालयको राम्रो व्यवस्था रहेको प्रधानाध्यापक गुरागाईको भनाइ छ । विद्यालयमा ५ वटा भवनमा ७८ वटा कोठा रहेको र खेल मैदानको व्यवस्था रहेको उहाँले बताउनुभयो । विद्यालयमा डेक्स/बेन्च, भौतिक निर्माण आवश्यक रहेको र शिक्षकको समस्या रहेको प्रधानाध्यापक गुरागाईले जानकारी दिनुभयो ।

# मगर सामुदायको सांस्कृतिक महोत्सव आज हुँदै

समाज संवाददाता

हेटौंडाः नेपाल मगर संघ जिल्ला कार्यसमिति मकवानपुरको ४२ औं स्थापना दिवसको अवसरमा आज मंगलबार मगर सामुदायको सांस्कृतिक कार्यक्रम तथा खाना महोत्सव हुने भएको छ । आइतवार हेटौंडामा पत्रकार सम्मेलनको आयोजना गर्दै संघका अध्यक्ष सन्देश तुम्सिङ मगरले आज मंलबार हेटौंडा–४ स्थित हुप्चौरमा हुने महोत्सवबारे जानकारी दिनुभएको हो ।

मगर जातिसँग सम्बन्धित खानाको परिकार पहिचान गराउन आयोजना गर्न लागेको कार्यक्रमको उद्घाटन बागमती प्रदेशका मुख्यमन्त्री शालिकराम जमकट्टेलले गर्नुहुनेछ । मगर संघको स्थापना दिवसको रुपमा हरेक वर्षजस्तै राष्ट्रिय पर्वको रुपमा मनाउन लागिएको उहाँले बताउनुभयो ।

यसवर्ष जिल्ला कार्य समितिले विस्तृतरुपमा कार्यक्रमको आयोजना गर्ने उद्देश्यले १० वटै स्थानीय तहबाट मगर संघमा आवद्ध भएका गुठीहरु, भातृ संगठनहरु, स्थानीय तह र विभिन्न उपसमितिहरुबाट प्रतिनिधिमूलक तरिकाले कार्यक्रमको आयोजना गर्ने योजना रहेको उहाँले बताउनुभयो ।

कार्यक्रममा मुख्यरुपमा मगरको प्रचलित कौरा र घुम्डा नृत्यको प्रस्तुति हुनेछ । कार्यक्रममा आउने दर्शकहरुको मनोरञ्जन गराउने उद्देश्यले चर्चित लोकगायिका अमृता लुङ्गेली मगर, लोकगायक हेमन्त आले मगर, हाँस्यव्यङ्गय कलाकार दिनेश काफ्ले, चर्चित डान्सर ससीवन मगर र स्थानीय कलाकारहरुको प्रस्तुति रहनेछ । सांस्कृतिक कार्यक्रम आयोजनामा करिब ४ लाख रुपैयाँ खर्च हुने आयोजकको अनुमान छ ।

कार्यक्रम आयोजनाका लागि हेटौंडा उपमहानगरपालिकाबाट १ लाख ७५ हजार रुपैयाँ सहयोग प्राप्त भएको उहाँले बताउनुभयो । यस्तै, हेटौंडाका विभिन्न वडा कार्यालय, राक्सिराङ गाउँपालिका, मनहरी गाउँपालिकालगायत विभिन्न स्थानीय तहबाट सहयोग प्राप्त भएको आयोजकले जनाएको छ । कार्यक्रम सुरु गर्नुअघि बिहान १० बजे बुद्धचोक हुँदै हुप्चौरसम्म ऱ्याली गरिने बताइएको छ । पत्रकार सम्मेलनमा नेपाल मगर संघ बागमती प्रदेशका अध्यक्ष खेमराज मगर, मगर संघ बागमती प्रदेशका प्रशासन सचिव रामकुमार थापा, मगर संघका उपाध्यक्ष उर्मीला राना, मगर संघका सल्लाहकार कृष्ण सारु मगरलगायतको उपस्थिति रहेको थियो ।

विद्युतीय उपकरणको प्रयोगबाट बालबालिकामा पर्ने असर

विद्युतीय उपकरण (मोबाइल, ट्याब, ल्यापटप आदि) को अधिक प्रयोगले:

- बालबालिकाको आँखाको ज्योति कमजोर हुने,
- दिमागमा असर पर्ने,
- समयमा सुत्ने,
- खानपान तथा दिसापिसाबमा ध्यान नदिने,
- एकान्तमा बस्न मन पराउने
- झिज्याहट हुने,
- साथीहरुसँग घुलमिल नहुने,
- एकै स्थानमा बसिरहँदा रक्त संचारमा प्रतिकुल प्रभाव पर्ने,
- बालबालिकामा अटिजम, शारीरिक तथा मानसिक अपाङ्गतासमेत हुन सक्ने भएकाले,

बालबालिकालाई विद्युतीय उपकरणको अधिक प्रयोगबाट हुने जोखिमबाट बचाऔं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

डढेलोबाट बचौं र बचाऔं ।

- सलाई लाईटरजस्ता प्रज्वलनशिल वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं ।
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्ने पर्ने भए सावधानीपूर्वक प्रयोग गरी राम्रो गरी निभाऔं,
- हाम्रो सानो असावधानीले जंगल मात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौ र अरुलाई पनि बचाऔं ।

पेम्बा लामा
वडा अध्यक्ष तथा
१३ नम्बर वडा कार्यालय परिवार

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराइड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः बिहान ७:०० बजेदेखि बेलुका ७:०० बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशुल्क र चौथो शनिबार थाइराइड जाँचमा ५० प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL

हेटौंडा रिफरेन्स ल्यावरोटरी

हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७